**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०३ अक्तूबर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज तेलंगानाको निजामाबादमा आठ हजार करोड भन्दाअधिकको धेरै विकास परियोजनाहरूको शिलान्यास गर्नुहुँदै राष्ट्रलाई समर्पण गर्नुभयो।

२. विश्व हिन्दु परिषदको देशभरि सौर्य जागरण यात्रा अहिले उत्तर बंगाल आइपुगेको छ्य यो शोभायत्रा भूटानको सीमा क्षेत्र जयगाउँदेखि आरम्भ भएको छ्य

३. वेतन वृद्धि लगायत विविध मागलाई लिएर पश्चिमबंग मिड डे मिल कर्मी युनियनले आज उत्तरकन्या अभियान चलायो।

४. केन्द्र सरकारले सय दिने रोजगार र आवास योजनाको पैसा रोकेर राखेको आरोप लगाउँदै तृणमूल कंग्रेसद्वारा विभिन्न क्षेत्रमा विरोध प्रदर्शनद्य

**पीएम - तेलंगाना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज तेलंगानाको निजामाबादमा आठ हजार करोड भन्दाअधिकको धेरै विकास परियोजनाहरूको शिलान्यास गर्नुहुँदै राष्ट्रलाई समर्पण गर्नुभयो। प्रधानमन्त्रीले आज मनोहराबाददृसिद्धिपेट जोड्ने नयाँ रेलमार्ग र धर्माबाददृमनोहराबाद र महबुबनगर-कुर्नूलबीचको विद्युतीकरण परियोजना राष्ट्रलाई समर्पण गर्नुभएको छ । प्रधानमन्त्रीले रामागुण्डममा एनटीपीसीको तेलंगाना सुपर थर्मल पावर प्रोजेक्टको पहिलो चरणको आठसय मेगावाटको पहिलो युनिट पनि राष्ट्रलाई समर्पित गर्नुभयो। यस प्लान्टको ७४ प्रतिशत बिजुली राज्यमै प्रयोग हुनेछ। यसले उत्तर-दक्षिण ग्रिड जडानमा पनि सुधार गर्नेछ। प्रधानमन्त्रीले १९ जिल्ला मुख्यालयमा प्रधानमन्त्री आयुष्मान भारत स्वास्थ्य पूर्वाधार मिशन अन्तर्गत पचास बेडको आधुनिक ब्लकको शिलान्यास पनि गर्नुभयो। यस अवसरमा श्री मोदीले पेडापल्लीमा रहेको नयाँ पावर प्लान्ट देशको सबैभन्दा आधुनिक प्लान्ट भएको र दोस्रो चरणमा छिट्टै अर्को पावर प्लान्ट स्थापना गरिने बताउनुभयोद्य प्रधानमन्त्रीले कुनै पनि राष्ट्र वा राज्यको विकास उसको ऊर्जा उत्पादनमा आत्मनिर्भर क्षमतामा निर्भर हुने बताउनुहुँदै सरकारले तेलंगानाको ऊर्जा आवश्यकताहरू पूरा गर्न काम गरिरहेको जनाउनुभयो। यस अवसरमा, तेलंगानाका राज्यपाल तमिलिसाई सौन्दरराजन र केन्द्रीय मन्त्री जी किशन रेड्डी पनि उपस्थित हुनुहुन्थ्यो।

****** ० ******

**मिड डे मिल कर्मी युनियन**

वेतन वृद्धि लगायत विविध मागलाई लिएर पश्चिमबंग मिड डे मिल कर्मी युनियनले आज उत्तरकन्या अभियान चलायो। उत्तरकन्या जानअघि पुलिसले उक्त रैलीलाई रोकिदिएको बताइएको छ। आज संगठनको तर्फबाट नौकाघाट मोडबाट एउटा रैली निकालेर उत्तरकन्यातर्फ गइरहेको समय तीनबत्ती मोड नजिक पुलिसले रैलीलाई रोकेर रूट डायभर्ट गरिदियो।

यसपछि तीनबत्ती मोड संलग्न एउटा मैदानमा जनसभाको आयोजना गरियो। संगठनको ५ जना सदस्यको एउटा प्रतिनिधि टोली  उत्तरकन्या गएर ज्ञापन पत्र चढायो। यस विषयमा संगठनका महासचिव मधुमिता बन्दोपाध्यायले भन्नुभयो- २०१३ सालदेखि मिड डे मिलका कर्मचारीहरूको वेतन वृद्धि गरिएको छैन। केन्द्रबाट एक हजार रुपियाँ र राज्यबाट पाँच सय रुपियाँ मिलाएर मोठ पन्ध्र सय रुपियाँ मात्र वेतन पाइरहेका छन। चाँडै २१ हजार रुपियाँ दिने माग गरे तापनि हाल आठ हजार रुपियाँ र पुजा बोनस दिने तिनले माग गरेको बताउनुभयो। मिड डे मिल कर्मचारीहरूको मागलाई लिएर आगामी ६ अक्टोबरको दिन कलकत्तामा  विकास भवन अभियानको उहाँले आह्वान गर्नुभयो।

****** ० ******

**सौर्य जागरण यात्रा**

विश्व हिन्दु परिषदको देशभरि सौर्य जागरण यात्रा अहिले उत्तर बंगाल आइपुगेको छ्य यो शोभायत्रा भूटानको सीमा क्षेत्र जयगाउँदेखि आरम्भ भएको छ्य यस रथयात्रालाई विश्व हिन्दु परिषदका अन्तराष्ट्रिय महामन्त्री मिलिन्द पराण्डेले जयगाउँदेखि रवाना गर्नुभयोद्य अहिले यो रथयात्रा अलिपुरद्वारका विभिन्न भागहरु भएर जलपाइगडी जिल्ला, दार्जीलिङ अनि कालेबङ जिल्लाहुँदै उत्तर बंगालका सबै जिल्लाहरुमा भ्रमण गर्नेछद्य यस रथयात्राबारे श्री पराण्डे भन्नुहुन्छ-

BYTE

उत्तरबंगालका विश्व हिन्दु परिषदका महामन्त्री लक्ष्मण अग्रवालले भन्नुभयो- कलकत्ता उच्च न्यायालयको आदेश रहे तापनि पश्चिम बंगाल सरकारले यस यात्रालाई अलिपुर शहरभित्र आज पस्न दिएनद्य उहाँले यस यात्राको उद्धेश्य देशका अमर शहिदहरु तथा स्वतन्त्रता सेनानीहरुबारे जागृत उत्पन्न गर्नु रहेको छ्य यसैले उहाँले पश्चिम बंगाल सरकारसित यात्रालाई शहरी क्षेत्रमा जाने सुविधा प्रदान गर्ने निवेदन गर्नु भएको छ्य यस यात्रामा विश्व हिन्दु परिषद तथा बजरंग दल दुवैको साथ असंख्य जन समुहको सहभागिता रहेको छ्य गत १४ सेप्टेम्बरदेखि यो यात्रा देशभरी निकलिन्दै छ।

****** ० ******

**गान्तोक**

बौद्ध धर्मगुरू परम पावन दलाई लामा मुख्यमन्त्री पीएस गोलेको निमन्त्रणालाई स्वीकार गर्दै सिक्किम आउनुहुनेछ। उहाँको आगामी सिक्किम भ्रमणलाई ध्यानमा राखेर गान्तोकस्थित पाल्जोर स्टेडियममा हाल निर्माणाधीन अवस्थामा रहेको कार्यक्रम स्थलको आज मुख्य सचिव बीभी पाठकको अगुवाईमा रहेको एउटा उच्च स्तरीय टोलीका सदस्यहरूले स्थलगत भ्रमण गर्दै यसको निरीक्षण गरे।

****** ० ******

**सिक्किम- एसडीएफ**

छिमेकी राज्य सिक्किममा 'सिक्किम बचाऔं' अभियानलाई अङ्गीकार गर्दै राज्यका विभिन्न जिल्लाबाट युवाहरू सत्तारूढ एसकेएम पार्टी त्यागेर एसडीएफ पार्टीमा सामेल हुने क्रम जारी रहेकोछ । झिनो जनमत प्राप्त गरेर सत्तासीन बनेको एसकेएम सरकारलाई आफ्नो समर्थक र कार्यकर्ताहरूले परित्याग गर्ने क्रम दिन-प्रतिदिन बढिरहेको पार्टी सूत्रले जनाएको छ। यसैक्रममा, सिक्किमको विपक्षी पार्टी सिक्किम डेमोक्रेटिभ फ्रण्टको 'सिक्किम बचाऔं अभियान' कार्यक्रम अन्तर्गत आज तुमिन

लिङ्गी समष्टिस्थित ऐतिहासिक माखा बजारमा समष्टि स्तरीय सभा सम्पन्न भयो। यस अवसरमा आज पनि तुमिन लिङ्गी समष्टि अन्तर्गत सिङ्बेल, पेकथाङ, डिक्चु, राकदोङ, खेसे, काउ आदि ठाउँबाट एसकेएम समर्थक तथा धेरैजना युवा कार्यकर्ताहरू एसकेएम पार्टी त्यागेर एसडीएफ पार्टीमा सामेल भएको जानकारी प्राप्त भएको छ। ती सामेल भएका सबै युवाहरूलाई आफ्नो पार्टी एसडीएफ-मा स्वागत जनाउँदै सभाध्यक्ष केएन राई अनि विशिष्ट अतिथि डीबी थापाले पार्टीको झण्डा प्रदान गर्नुभयो

****** ० ******

**खरसाङ- तृणमूल कङ्ग्रेस विरोध**

राज्यका मुख्यमन्त्री र अखिल भारतीय तृणमूल कङ्ग्रेस महासचिव अभिषेक ब्यानर्जीले अघिबाटै घोषणा गर्नुभए अनुसार सय दिने रोजगार र आवास योजनाको पैसा केन्द्र सरकारले रोकेर राखेको आरोप लगाउँदै हिजोदेखि तृणमूल कङ्ग्रेसले दिल्लीमा दुई दिने विरोध प्रदर्शन गरिरहेको छ भने आज त्यसै अनुरूप यता पहाड़मा पनि हिल तृणमूल कङ्ग्रेसका नेताहरूले सय दिने रोजगारको पैसा नपाएको भन्दै विरोध जनाएका छन्। यसै क्रममा हिल तृणमूल कङ्ग्रेस खरसाङ ब्लकको आयोजनामा खरसाङ खण्ड अन्तर्गत सन्त मेरिज तीन ग्राम पञ्चायतमा आज विरोध साथै धरना प्रदर्शन गरियो। आज हिल तृणमूल नेत्री एवं पूर्व राज्यसभा सांसद शान्ता छेत्रीको अगुवाईमा सन्त मेरिज ग्राम पञ्चायत कार्यालय अघि विरोध साथै धरना प्रदर्शन गरे। केन्द्रमा रहेको भाजपा सरकारले २०२१ देखि मानिसहरूले गरेको सय दिने रोजगारको कामको पैसा अनि आवास योजनाको पैसा पनि रोकेर राखेको आरोप लगाउँदै उपस्थित पार्टीका समर्थकहरूले विभिन्न नाराहरू लगाए। यस धरना प्रदर्शनमा हिल तृणमूल कङ्ग्रेस दार्जिलिङ अनि कालेबुङ जिल्ला अध्यक्ष एवं भूतपूर्व सांसद शान्ता छेत्री, खरसाङ ब्लक अध्यक्ष समृत छेत्री, सचिव हेमन्त सुन्दास, ट्रेड युनियन जिल्ला अध्यक्ष दिपक प्रधान, आईएनटीटीयुसी-को सचिव सन्तोष मोक्तान, साजन तामाङ, नारी ऐकाई खरसाङको को-अर्डिनेटर सिमपी थापा, सत्य बराइक लगायत अन्य प्रतिनिधिहरू उपस्थित थिए।

****** ० ******

**राजगञ्ज- तृणमूल कङ्ग्रेसले विरोध**

केन्द्र सरकारमाथि एकसय दिनको कामको बकाया रुपियाँ लगायत बङ्गालप्रति उपेक्षा गरेको आरोप लगाउँदै राजगञ्ज ब्लकको बिन्नागढी ग्राम पञ्चायत कार्यालयअघि तृणमूल कङ्ग्रेसले विरोध प्रदर्शन गऱ्यो। यस अवसरमा बिन्नागढी ग्राम पञ्चायत प्रधान समिजुउद्दीन अहमद, उप प्रधान मिनती राय, पार्टी नेता विजय दास, दीपेन अधिकारी, भवानी शंकर राय लगायत अन्य उपस्थित थिए। यस सम्बन्धमा राजगञ्ज ब्लक युवा तृणमूल कङ्ग्रेस अध्यक्ष तुषार दत्ताले भन्नुभयो- गाउँका गरिब मानिसहरूको एकसय दिनको कामको पैसा पनि केन्द्र सरकारले अन्यायपूर्वक बकाया गरेर राखेको छ। आवास योजनाको लागि पनि पैसा दिएको छैन। तृणमूल कङ्ग्रेसको तर्फबाट अभिषेक ब्यानर्जीले दिल्लीमा यसविरुद्ध विरोध प्रदर्शन गरिरहेका छन्। यसै अन्तर्गत राजगञ्ज ब्लकको प्रत्येक ग्राम पञ्चायत कार्यालय अघि हामीले विरोध प्रदर्शन गरिरहेका छौँ।

****** ० ******

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिका टोलीका सदस्यहरूले वर्तमान खरसाङ नगरपालिकाको विभिन्न समस्यालाई लिएर आज दार्जिलिङ जिल्लाका जिल्लापालसित उहाँकै कार्यालय दार्जिलिङमा भेटघाट गरेका छन्। टोलीमा खरसाङ नगरपालिकाको अध्यक्ष ब्रिगेन गुरूङ, उपाध्यक्ष सुवास प्रधान, एसएई सञ्जय थापा साथै खरसाङ महकुमा अधिकारी अवोध सिंघलको उपस्थितिमा दार्जिलिङका जिल्लापाल डा. प्रिती गोयल अनि संयुक्त जिल्लापालसँग भेट गरेर सभा सम्पन्न गरिएको बताइएको छ। यसै क्रममा खरसाङ शहरलाई स्वच्छ एवं सुन्दर बनाउन खरसाङ नगरपालिका अधिनस्थ रहेका जगा-जमीन अवैध तरिकाले ओगटेको जगा-जमीनमाथि कार्वाही गरी सरकारी परियोजना गर्ने साथै खरसाङ नगरपालिकाको राजस्व कर बढाउन आवश्यक लिएर चर्चा गरियो साथै खरसाङमा पानीको समस्या लिएर जनहितको असुविधालाई मध्यनजर राखेर अमरूत २.० पानीको सरकारी परियोजनाको पत्राचार सम्बन्धित जानकारी लिए। त्यसरी नै एसडब्ल्युएम परियोजना अन्तर्गत हर घरमा मैला उठाएर सही ढंगमा सदुपयोग गरिरहेका छन् कि छैन यसलाई सफलीभूत पार्न प्रशासनिक सहयोग आवश्यक रहे सहयोग गर्न महकुमा अधिकारीसँग सल्लाह परामर्श गर्ने सुझाउ गरिएको छ। जिल्लापालसितको उक्त भेटघाट र सभा सौहार्दपूर्ण रूपमा साथै सफल भएको खरसाङ नगरपालिकाको उपाध्यक्ष सुवास प्रधानले बताउनुभएको छ।

****** ० ******

**नक्सलबारी शव उद्धार**

नक्सलबारीको बेलगाछी चियाकमान संलग्न कदमा इलाकाको चेङ्गा नदीबाट युवकको शव उद्धार गरिएको छ। मृतक युवकको नाम सागर नागेशिया बताइएको छ। प्राप्त जानकारी अनुसार स्थानीय मानिसहरूले आज नदीमा शव देखेपछि घटनाबारे पुलिसलाई खबर दिए। घटनाको खबर पाएर नक्सलबारी पुलिस घटनास्थलमा पुगेर शव उद्धार गरेर पोस्टमार्टमको लागि उत्तरबंग मेडिकल कलेज एवम् अस्पतालमा पठाएको छ। मृतकको परिवारका सदस्यहरूको आरोप अनुसार सागरको हत्या गरिएको हो। तिनको आँखा र अनुहारमा चोटको निशान रहेको साथै शरीरको लुगा समेत थिएन। घटनाबारे नक्सलबारी थानामा अभियोग दर्ता गर्ने तिनीहरूले बताएका छन्।

****** ० ******

**मिरिक भागोप्रमो**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा मिरिक महकुमा अध्यक्ष तथा मिरिक थर्बु डुप्टिन समष्टिका सभासद मिलेस राईलाई पार्टीको केन्द्रीय समितिले मिरिक टाउन कमिटीको संयोजक पद प्रदान गरेपछि आज उहाँलाई बधाई दिनको साथै स्वागत जनाएका छन्। मिरिक नगरपालिका वार्ड नम्बर तीन भागोप्रमो शाखाले युवा शक्ति मिरिक महकुमा अध्यक्ष उमेश तोलाङ्गीको नेतृत्वमा सभासद मिलेस राईलाई भेटेर बधाईं दिनुहुँदै मिरिक टाउन कमिटीको विस्तारमा आफुहरूले पनि सहयोग गर्ने वचन दिनुभयो। मिरिक वार्ड नम्बर तीनका पार्टी समर्थकहरूले सभासद मिलेस राईको नेतृत्वमा मिरिक टाउनमा पार्टी अझ बलियो हुने आशा साचेका छन्। अर्कोतिर, पार्टीले दिएको दायित्वलाई निष्ठापूर्वक पालन गरेर आपसी एकता र तालमेल कायम राखेर मिरिक टाउनमा पार्टीगत कार्यक्रम गर्नको साथै क्षेत्रमा विकासका कार्य गर्ने मिलेस राईले बताउनुभएको छ।

****** ० ******

**तीनधारे-गाँधी जयन्ती**

खरसाङ खण्ड अन्तर्गत तीनधारेमा श्रीगणेश सहकारी समिति र जिल्ला ग्रामीण विकास एकाई दार्जिलिङको संयुक्त आयोजनामा राष्ट्रपिता महात्मा गाँधीको १५४ औं जन्म जयन्तीसितै स्वच्छ भारत अभियान अन्तर्गत फोहोर मैला प्रबन्धनमाथि सचेतना कार्यक्रम सम्पन्न गरियो। तीनधारेको महात्मा गाँधी हलमा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता घैयाबारी ग्राम पञ्चायतको पञ्चायत प्रधान भगवती राई प्रधानले गर्नुभएको थियो भने मुख्य अतिथिका रूपमा खरसाङ खण्ड पञ्चायत समितिका उप-सभापति नारायण थापा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको शुरुमा राष्ट्रपिता महात्मा गाँधीको तस्वीरमा सभाध्यक्ष, मुख्य अतिथि र विशिष्ट अतिथिहरूका बाहुलीबाट धुप द्वीप प्रज्वलन गरिएको थियो। कार्यक्रममा स्वागत सम्भाषण सीबी भुजेलले राख्नुभएको थियो भने सञ्चालन सुकुमार बराइलीले गर्नुभएको थियो।

****** ० ******

****** ० ******